# बेथानचोक गाउँपालिका

# विपद् जोखिम न्यूनिकरण नीति २०८१

## पृष्ठभुमी

बेथानचोक गाउँपालिका दोहोरिरहने बहु—प्रकोपका घटनाहरुबाट उत्पन्न घटनाहरुबाट जोखिममा रहेको छ । विगतमा यस गाउँपालिकामा घटेका घटनाहरुमा अध्ययन गर्दा पत्येक वर्ष डुवान र कटान, आगलागी, जस्ता प्रकोपहरुको कारण क्षति तथा नोक्सानी हुने गरेको छ । गाउँपालिकाको भौगोलिक अवस्थिती, मौसमी विषमता तथा जलवायु परिवर्तनका कारण भुकम्प, बाढी, डुबान, चटयाङ, खडेरी, असिना, अतिबृष्टि, अनाबृष्टि, हुरीबतास, वन डढेलो लगायतका प्रकोपको जोखिम भएको क्षेत्रमा पर्दछ । स्थानीय तथ्यांकको आधारमा आगलागी र बाढी पहिरो यस क्षेत्रको प्रमुख प्रकोप रहेको छ । नेपाल सरकारले विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यहरुलाई योजनाबद्ध र व्यवस्थित गर्न नीतिगत, कानूनी तथा संस्थागत व्यवस्था गरेको छ । यस सन्दर्भमा नेपाल सरकारले विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४, विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली २०७६, स्थानीय सरकार संचालन ऐन २०७४, विपद जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५, विपद जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८—२०३०, विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ पहिलो संसोधन २०७६ राष्ट्रिय वातावरण नीति २०७५, राष्ट्रिय जलवायु परिवर्तन नीति २०७६, वातावरण संरक्षण ऐन २०७६, वातावरण संरक्षण नियमावली २०७७ जस्ता महत्वपूर्ण कानूनी व्यवस्था गरेको छ । संघिय केन्द्र देखि स्थानीय स्तरसम्म कानून बमोजिम स्थापीत स्थानीयविपद व्यवस्थापन समितिहरु, विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले व्यवस्था गरे बमोजिम विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद, कार्यकारी समित, प्राधिकरण, प्रदेश, जिल्ला तथा स्थानीय तहमा स्थानीय समित रहने व्यवस्था गरेको छ । यसै अनुरुप बेथानचोक गाउँपालिकाको पनि गाउँपालिका स्तर तथा वडा स्तरमा स्थानीय विपद

जोखिम व्यवस्थापन समित बनिसकेको छ । विपद जोखिम न्यूनीकरणका लागि मुख्य गरि विपद जोखिम न्यूनीकरणका लागि सेण्डाइ कार्यढाँचा २०१५—२०३०, दिगो विकासका लक्ष्यहरु, जलवायु परिवर्तन सम्बन्धि पेरिस सम्झौता लगायतका अन्तराष्ट्रिय सन्धि सम्झौता एवं राष्ट्रिय र स्थानीय आवश्यकताको आधारमा विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनको स्थानीय स्तरमा समेत नीतिको तर्जुमा गर्न आवश्यक भएको छ । विपद जोखिम न्यूनीकरणका लागि विगतमा लागु गरिएका राष्टिय् नीति, ऐन, नियमावली, तथा नेपाल सरकारले अन्तराष्ट्रिय स्तरमा गरेका प्रतिवद्धताहरुलाई कार्यान्वयन गर्न पनि यस बेथानचोक गाउँपालिकाको विपद जोखिम न्यूनीकरण नीति आवश्यक रहेको छ ।

२. दीर्घकालीन सोच

विपदको जोखिमबाट सुरक्षित, जलवायु अनुकुलित तथा उत्थानशील समाजको निर्माण गर्दे दिगो विकासमा योगदान पुऱ्याउने यस नीतिको सोच रहेको छ ।

३. कार्यक्षेत्र

यस नीति बेथानचोक गाउँपालिकामा विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्रियाकलापहरुलाई कार्यन्वयन गरी, विपदबाट हुनसक्ने जनधन, स्वास्थ्य तथा जीविकोपार्जनका स्रोतहरुका साथै व्यक्ति र समुदायको आर्थिक, सामाजिक, तथा भौतिक पूर्वाधार साथै सांस्कृतिक एवं पर्यावरणीय सम्पदाको जोखिम तथा क्षतिमा उल्लेखनिय कम गर्ने तथा तिनीहरुको उत्थानशीलता बृद्धि गर्न लागु गरिनेछ ।

४. लक्ष्य

कुनै पनि प्रकारको विपदबाट समुदायमा हुने हुने मानवीय, आर्थिक तथा भौतिक क्षति एवं अवरोधहरुलाई कम गर्दे सबै समुदायको उत्थानशीलता बृद्धि गर्नु यस नीतिको लक्ष रहेको छ ।

५. उदेश्यहरु

कुनै पनि प्रकारको विपदबाट समुदायमा हुने हुने मानवीय, आर्थिक तथा भौतिक क्षतिको उल्लेख्य रुपमा कम गर्नु यस नीतिको प्रमुख उदेश्य रहेको छ । यस नीतिका अन्य उदेश्यहरु देहाय बमोजिमका रहेका छन ।

५.१ समुदायहरुमा विपद जोखिमको बुझाई अभिवृद्धि गर्ने र समाजका हरेक वर्गमा विपद जोखिम सम्बन्धी जानकारीको पहुँच सुनिश्चित गर्ने ।

५.२ गाउँपालिकाको नीति तथा कार्यक्रम र आवधिक योजनाहरुमा विपद जोखिम न्यूनीकरणकरणका क्रियाकलापहरुलाई प्राथमिकताका साथ प्रस्तुत गर्ने ।

५.३ विपद जोखिम न्यूनीकरणलाई जलवायु परिवर्तन अनुकुलका क्रियाकलापसंग समायोजन गरि विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने ।

५.४ विपद जोखिम न्यूनीकरणमा सामुदायीक सहभागिता बढाई उत्थानशीलता अभिबृद्धि गर्ने ।

५.५ विपद व्यवस्थापन सूचना प्रणालीको विकास तथा सुदृढीकरण साथै पूर्व सूचना प्रणालीको सदुपयोग गर्ने ।

५.६ विपद पश्चातको पुनर्लाभ, पुनःस्थापा र पुननिर्माण सुनिश्चित गर्ने ।

६.मार्गनिर्देशक सिद्धान्त

नेपालको संविधानले निर्दिष्ट गरे बमोजिम विपद जोखिम न्यूनीकरण, रोकथाम तथा व्यवस्थापनमा संघ, प्रदेश सरकार र गाउँपालिका बीच समन्वय तथा सहकार्यको सिद्धान्तलाई अबलम्बन गर्दै गाउँपालिकाको भुमिका निर्वाहगर्नका लागि यो नीति तयार गरिएको छ । यस नीति तयार गर्दा विपद जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५, विपद जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८—२०३०, सेन्डाई कार्यढाचाँ २०१५—२०३० लाई आधार मानेको छ । यो नीति तयार गर्दा निम्न कुराहरुलाई प्राथमिकता दिइएको छ ।

६.१ सामाजिक समावेशीकरण

६.२ बहु—प्रकोप विपद जोखिम व्यवस्थापन

६.३ स्थानीय श्रोत, ज्ञान र सीपको उपयोग

६.४ पुनर्लाभ, पुनः स्थापना र पुनर्निमाण गर्ने ।

७. मुख्य कार्यहरु

माथि उल्लेख गरिएका उदेश्यहरु प्राप्तिका लागि देहाय बमोजिमका कार्यहरु गरिनेछन ।

७.१ स्थानीय जोखिमका प्रकार र अवस्था बारे जानकारी तयार गरिनेछ ।

७.२ जनचेतनामूलक सामाग्रीहरु तयार गरी समुदायमा विपद सम्वन्धी जानकारी, सचेतना र सिकाई अभिबृद्धि गरिनेछ ।

७.३ स्थानीय विपद जोखिमहरुको लेखाजोखा गरि सहभागितामूलक जोखिम नक्सांकन कार्य गरिनेछ । यसरी नक्शांकन कार्य गर्दा स्थानीय रुपमा उपलब्ध श्रोतहरुलाई अनिवार्य उल्लेख गरिनेछ ।

७.४ संकटमा रहेका र संकट उन्मुख समुदाय तथा घरधुरी समेतको पहिचान गरि त्यस्ता समुदाय तथा घरधुरीको क्षमता अभिबृद्धि गरिनेछ ।

७.५ स्थानीय विकासका पूर्वाधार, ऐतिहासिक तथा साँस्कृतिक सम्पदामा पर्न सक्ने विपद जोखिमका प्रभावका सम्बन्धमा विपद जोखिम लेखाजोखा तथा नक्शांकन गरि आवधिक योजनाहरुमा न्यूनीकरणका लागि प्राथमिकतामा राखिनेछ ।

७.६ विपदबाट स्थानीय समुदायमा पर्न सक्ने जनस्वास्थ्य, पोषणमा पर्न सक्ने सम्भाव्य जोखिम न्यूनीकरण गर्न विपद जोखिम न्यूनीकरण गरिनेछ ।

७.७ विपद जोखिमको रोकथाम, पूर्वतयारी, खोज तथा उद्धारको लागि स्थानीय विपद जोखिम व्यवस्थापन समितिको गठन गरिनेछ ।

७.८ स्थानीय विपद जोखिम व्यवस्थापन समितिको क्षमता अभिबृद्धि गर्न तालिम प्रदान गरिनेछ ।

७.९ गाउँपालिकामा विपद जोखिम न्यूनीकरणका लागि काम गरिरहेका सरकारी निकाय, विकास साझेदार, निजी तथा गैरसरकारी संस्थाहरु तथा अन्य सरोकारवालाहरुको पहिचान गरि सहकार्यलाई प्रोत्साहन गरिनेछ ।

७.१० विपद जोखिम न्यूनीकरणका लागि सिंचाई, नदी नियन्त्रण, वन व्यवस्थापन, विद्यालय, स्वास्थ्य संस्था, खानेपानी, सरसफाइ लगायतका योजना तर्जुमा, कार्यन्वयन तथा व्यवस्थापनमा उपभोक्ता, सामुदायिक संस्था र समुदायको सहभागिता सुनिश्चित गरिनेछ ।

७.११ राष्ट्रिय भू—उपयोग नीति अनुरुप स्थानीय बहु—प्रकोप जोखिम लेखाजोखाको आधारमा जोखिम संवेदनशील भू—उपयोग योजना तर्जुमा गरी सुरक्षित बस्ती विकास कार्यलाई अगाडी बढाइनेछ । असुरक्षित बस्तीहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिनेछ ।

७.१२ नयाँ विकाश आयोजनाहरु लागु गर्दा बहु—प्रकोप संवेदनशीलताको आधारमा सम्भाव्य जोखिम न्यूनीकरण हुने गरी कार्यन्वयन तथा व्यवस्थापन गरिनेछ ।

७.१३ एकिकृत जलश्रोत व्यवस्थापनको सिद्धान्त अनुरुप नदी व्यवस्थापन तथा अन्तरसम्बन्धलाई सम्बोधन गरिनेछ । यो कार्य गर्दा आवश्यकताअनुसार छिमेकी स्थानीय निकायसंग समन्वय गरिनेछ ।

७.१४ विपद जोखिम न्यूनीकरणका सबै चरण तथा संरचनामा समावेशी विपद व्यवस्थापनको अवधारणा अनूरुप महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङगता भएका

व्यक्तिहरु, आर्थिक तथा सामाजिक रुपले पछाडी परेका समुदायको पहूँच, प्रतिनिधित्व तथा प्रभावकारी संलग्नता सुनिश्चित गरिनेछ ।

७.१५ विपदको समयमा र विपद लगत्तै प्रयोग हुनसक्ने सुरक्षित सार्वजनिक संरचनाहरुको सूची तयार गरि आवश्यक प्रवलीकरण गरि आपतकालीन अवस्थामा उपयोग गर्न मिल्ने बनाइनेछ ।

७.१६ विपद संवेदनशीलताको अवधारण अनुरुप सार्वजनिक भौतिक संरचनाहरुमा सबै नागरिकको पहुँच सुरक्षित रहने गरि निर्माण गरिनेछ । पुराना संरचनाहरु जेष्ठ नागरिक, अपाङ्ग एवं बालबालिकाको लागि सहज प्रयोग हुने बनाइनेछ ।

७.१७ विपद जोखिमबाट सुरक्षित भवन तथा आवाश निर्माण कार्यलाई प्रोत्साहन गर्न राष्ट्रिय भवन संहितालाई आधार मानि समय समक्ष परिमार्जन गरी लागू गरिनेछ ।

७.१८ विकाशका पूर्वाधारका योजना, डिजाइन, निर्माणका चरणमा सम्भावित विपदको आंकलन गरि सुरुवाती चरणदेखिनै जोखिम न्यूनीकरणका उपायहरु अवलम्बन गरिनेछ ।

७.१९ विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि गाउँपालिका भित्रका सरकारी निकायहरुको साँगठनिक संरचना निमार्ण तथा पुनरावलोकन गरिनेछ । साथै स्थानीय सरोकारवालाहरुको भुमिका तय गरिनेछ ।

७.२० विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी क्रियाकलापहरुको प्रभावकारी रुपमा अनुगमन तथा मूल्याङ्कन गर्न समावेशी संयन्त्रको स्थापना गरिनेछ ।

७.२१ स्थानीय विपदका घटनालाई राष्टिय् विपद जोखिम सञ्जालमा नियमित अद्यावधिक गरिनेछ ।

७.२२ विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यमा सामुदायिक अंगहरुलाई सबल बनाई विपदका समयमा संलग्न गराईनेछ ।

७.२३ जीविकोपार्जनका उपायहरुलाई विविधिकरण गरि जलवायु परिवर्तन अनुकुल कृषिलाई प्रोत्साहन गरिनेछ ।

७.२४ समुदायस्तरमा विपद जोखिम न्यूनीकरण गर्न सामुदायिक संस्थाहरुको भुमिकालाई प्रोत्साहन गरिनेछ ।

७.२५ संकट उन्मुख समुदायको पहिचान गरि जोखिममा हिस्सेदारी तथा जोखिम हस्तान्तरणका लागि कृषि, पशुपंक्षी, घरेलु उद्योग तथा व्यवसायमा बीमा गराउने कार्यलाई प्रात्साहन गर्ने । गाउँपालिकामै बीमाको सेवा प्रदान गर्ने संस्थालाइ प्रोत्साहनगरिनेछ ।

७.२६ विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि वार्षिक नीति तथा कार्यक्रममा प्राथमिकताका साथ प्रस्तुत गरि निश्चित प्रतिशत रकम विनियोजन गरी कार्यक्रम संचालन गरिनेछ । ७.२७गाउँपालिकाकोविपद जोखिम व्यवस्थापन योजना तर्जुमा गरी प्राप्त क्षेत्रगत सुझावलाई आवधिक विकास योजनामा प्राथमिकताका साथ संलग्न गरी कार्यान्वयन गरिनेछ ।

७.२८ गाउँपालिकामा पहिचान भएका प्रकोपहरुको नियमित अनुगमन गरिनेछ ।

७.२९ पूर्व सूचना प्रणाली विकास गरी लागुगरिनेछ । स्थानीय विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरि लागु गरिनेछ ।

७.३० विपदको समय तथा विपद पश्चात तत्काल आपतकालिन कार्यसंचालन केन्द्रको स्थापना गरि खोज, उद्धार तथा पुनःस्थापना कार्य गरिनेछ ।

७.३१स्थानीय खोज तथा उद्धार टोलीको गठन गरि क्षमता विकास गरिनेछ ।

७.३२ विपद व्यवस्थापन कोषको स्थापना गरिनेछ । कोष सञ्चालनका लागि “विपद व्यवस्थापन कोष सञ्चालन कार्यविधि” तयार गरिनेछ ।

७.३३ विपद पूर्वतयारी तथा प्रतिकार्यका लागि सुरक्षित खुल्ला क्षेत्रको पहिचान तथा पहुँचयुक्त क्षेत्रमा आश्रयस्थलकाृ निर्माण गरिनेछ ।

७.३४ विपद प्रतिकायलाई प्रभावकारी बनाउन आपतकालिन भण्डारण गृहको स्थापना र विस्तार गर्ने तथा आवश्यक पर्ने उद्धार तथा राहत सामाग्रीको भण्डारण गरिनेछ ।

७.३५ विपद पश्चात गरिने पुनर्लाभ, पुनःस्थापना र पुननिर्माण कार्यमा भविष्यमा फेरी विपद जोखिमको अवस्था सिर्जना हुन नदिन र विपद जोखिम न्यूनीकरण गर्न "अझै राम्रो, बलियो र सुरक्षित बनाऔं" भन्ने अवधारणालाई कार्यन्वयन तथा प्रोत्साहन गरिनेछ ।

७.३६ खोज, उद्धार तथा राहत जस्ता विपद प्रतिकार्यलाई प्रभावकारी बनाउन सबै क्षेत्रका सरोकारवालाहरुको सहभागिता रहने गरि क्षेत्रगत पद्धतीको अवधारणालाई प्रोत्साहन गरिनेछ ।

७.३७ विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यहरुलाई प्रभावकारी बनाउन जवाफदेहीता, पारदर्शीता र उच्च गुणस्तरताका् सुनिश्चितता गरिने छ ।

८. सुचकहरु

यस नीतिको कार्यन्वयनमा निम्न सुचकहरुलाई ध्यान दिइनेछ ।

८.१ विपदबाट हुने मृत्यु दर आधार रेखा (२०१९ सम्मको औषत) १० जनाबाट घटेर बढीमा ३ जना सम्म हुने

८.२ स्थानिय स्तरमा विपदबाट प्रत्यक्ष प्रभावित हुने परिवारहरूको वार्षिक औसत संख्या (आधार रेखा २०१९ सम्मको औषत) ५० बाट बढी २० परिवारसम्म हुने गरी संख्या उल्लेख्य मात्रामा कम गर्ने

८.३ महत्वपूर्ण पूर्वाधार र आधारभूत सेवाहरू जस्तै सबै स्वास्थ्य भवनहरूको प्रवलीकरण, कम्तिमा ४० कक्षा कोठाहरू, १० विद्यालय भवनहरू, ११ सार्वजनिक र सरकारी भवनहरू, ३ सांस्कृतिक सम्पदास्थलहरूको प्रवलीकरण, १५ खानेपानीका संरचनाहरूको मर्मत सम्भार, ११ कि.मी. बायो ईन्जिनियरिङ्ग प्रविधिद्वारा नदी किनाराको संरक्षण, ६ उप जलाधारहरूको संरक्षण, ६ ताल, सिमसार तथा पोखरीहरूको निर्माण र संरक्षण गरी विपदले पुऱ्याउने क्षति र अवरोध उल्लेख्यरूपले कम गन र उत्थानशिल्ता बृद्धि गर्ने

८.४ गाउँपालिकाको विपद जोखिम न्यूनीकरण रणनीति तथा कार्ययोजना तयार भएको हुने

८.५ बहुप्रकोप पूर्वसूचना प्रणाली र विपद जोखिम सूचना तथा आंकलनको उपलब्धता र पहुँचमा उल्लेख्य बृद्धि भएको हुने

९. नीतिगत तथा व्यवस्थापन कार्यढाँचा

गाउँपालिकाले गाउँपालिका स्तरीय विपद जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना तयार गर्नेछ । कार्ययोजना तयार गर्दा विपद जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५, विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (संसोधन, २०७५), विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली २०७६, राष्ट्रिय विपद जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८—२०३०, राष्ट्रिय जलवायु नीति २०७६, विपद जाखिम न्यूनीकरणका लागि सेण्डाइ कार्यढाँचा २०१५—२०३० लाई आधार मानिनेछ । यस नीति कार्यन्वयनको लागि राजपुर गाउँपालिका मुख्य निकाय रहनेछ भने यस कार्यालय अन्रतगतका निकायहरु सहायक निकाय हुनेछन ।

१०. संस्थागत संरचना

यस नीति कार्यन्वयनका लागि नेपाल सरकारको विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ अनुसार गाउँपालिका विपद व्यवस्थापन समिति रहनेछ । यस समिति गाउँपालिकाको अध्यक्षको संयोजकत्वमा बढिमा १५ जना सदस्य भएको हुनेछ । प्रत्येक वडामा वडा अध्यक्षको संयोजकत्वमा वडास्तरीय विपद व्यवस्थापन समिति रहनेछ ।

गाउँपालिका विपद व्यवस्थापन समितिको गठन देहाय बमोजिम हुनेछ ः

क) गाउँपालिका अध्यक्ष संयोजक

ख) गाउँपालिका उपाध्यक्ष सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत सदस्य

घ) विषयगत समितिका संयोजकहरु  सदस्य

ङ) सामाजिक शाखा प्रमुख सदस्य

च) योजना शाखा प्रमुख सदस्य

छ) गाउँपालिका क्षेत्रमा खटिएका सुरक्षा निकायका प्रमुख वा प्रतिनिधि सदस्य

ज) राष्ट्रिय मान्यताप्राप्त दलका गाउँपालिका प्रमुख वा प्रतिनिधि सदस्य

झ) गाउँपालिकाको उद्योग वाणिज्य संघको अध्यक्ष वा प्रतिनिधि सदस्य

ञ) गाउँपालिकास्तरीय कार्य गर्ने गैर सरकारी संस्थाका प्रतिनिधि सदस्य

ट) नेपाल रेडक्रस सोसाईटीका स्थानीय प्रतिनिधि सदस्य

ठ) विपद व्यवस्थापनको लागि तोकिएको शाखा प्रमुख सदस्य

वडा विपद व्यवस्थापन समितिको गठन देहाय बमोजिम हुनेछ ः

क) वडा अध्यक्ष संयोजक

ख) वडा सदस्यहरु सदस्य

ग) राष्ट्रिय मान्यता प्राप्त दलका वडाका प्रतिनिधि सदस्य

ङ) स्थानीय रेडक्रसका प्रतिनिधि सदस्य

च) समुदायमा आधारित संघ संस्थाका प्रतिनिधि सदस्य

छ) वडा सचिव सदस्य

स्थानीय विपद व्यवस्थापने काम कर्तव्य र अधिकार नेपाल सरकारको विपद जोखिम व्यवस्थापन तथा व्यवस्थापन नियमावली, २०८१ मा तोकिए अनुसार हुनेछ ।

११. लगानी व्यवस्थापन

विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि गाउँपालिकाले छुट्टै “विपद व्यवस्थापन कोष” निर्माण गर्नेछ । विपद व्यवस्थापन कोषको श्रोत संघिय तथा प्रादेशिक सरकार बाट प्राप्त रकम, तथा अन्य साझेदार तथा व्यक्तिबाट प्राप्त अनुदान रहनेछ । गाउँपालिकाको सबै विषयगत निकायहरूले कम्तिमा पाँच प्रतिशत बार्षिक बजेट विपद जोखिम न्यूनीकरणका लागि छुटयाउँने ब्यवस्था गर्नेछ ।

“विपद व्यवस्थापन कोष” संचालनको लागि “विपद व्यवस्थापन कोष संचालन कार्यबिधि ” गाउँसभाबाट पारित गारि लागु गरिनेछ ।

१२.नीति कार्यन्वयन तथा पुनरावलोकन

यस नीति कार्यन्वयनका लागि विपद जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना तयार गरि गाउँसभा द्वारा पारित गारि लागु गरिनेछ । यस नीति तथा कार्ययोजनालाई आवश्यकता अनुसार गाउँकार्यपालिकाले संशोधन वा केही विषयमा थपघट गर्न सक्नेछ ।